
**DOI:** https://doi.org/10.3126/pragyaratna.v6i2.70597

JOL Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Pragyaratna**

*A Peer-Reviewed, Open Access Journal*



# शिक्षण अभ्यासको प्रभावकारी व्यवस्थापन

चन्द्रबहादुर श्रेष्ठ [a] ✉

✉chandrashrestha@yahoo.com

[a] Faculty of Education, Tribhuvan University, Mahendra Ratna Campus

**Article Info**

**Received:** August 14, 2024

**Accepted:** September 12, 2024

**Published:** October 22, 2024

**लेखसार**

*शिक्षण अभ्यास एक प्रयोगात्मक पाठ्यांश हो । यसले छात्र शिक्षकलाई कक्षामा सिकेको शिक्षणसँग सम्बन्धित सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न मद्दत गर्दछ । सफल शिक्षक बन्न तथा प्रभावकारी शिक्षण गर्न व्यक्तिमा आवश्यक शैक्षिक योग्यताका साथ साथै यथार्थ शैक्षिक वातावरणको उपस्थिति पनि अपरिहार्य मानिन्छ । विषयको प्रकृतिअनुसार निर्धारित उद्देश्यअनुरूप उपयुक्त शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप तथा मूल्याङ्कन प्रक्रिया अवलम्बन गरेर शिक्षण गर्न शिक्षण अभ्यास प्रक्रिया अपरिहार्य मानिन्छ । वास्तविक शिक्षणमा जानु पूर्व नमुना शिक्षण एवं सूक्ष्म शिक्षण / सहपाठी शिक्षण अभ्यास गरी सिकाइको तयारी गर्नै अपरीहार्य हुन्छ । सिकारुले सिकेका सैद्धान्तिक ज्ञानलाई व्यवहारीक र प्रयोगात्मक बनाउन शिक्षण अभ्यास आवश्यक हुन्छ । शिक्षण अभ्यास शिक्षाशास्त्र सङ्कायको मुटु नै हो । शिक्षण अभ्यास आवश्यक र अपरीहार्य भए तापनि यसको सञ्चालन र व्यवस्थापनमा प्रशस्त समस्याहरू देखिने गरेको छ । विद्यार्थी नियमित नहुने सूक्ष्म शिक्षणमा सक्रिय सहभागी र उपस्थित नहुने, पर्याप्त सामग्रीको अभाव हुने, सिलेवस तथा मूल्याङ्कनको मर्म अनुसार शिक्षण अभ्यास सञ्चालन नहुने तथा मूल्याङ्कन कार्य प्रभावकारी नहुने जस्ता समस्याहरू छन् । यस्ता समस्यालाई समाधान गरी शिक्षण अभ्यास कार्य प्रभावकारी बनाउन आवश्यक छ (थापा र सिलवाल, २०७६) ।*

**शब्दकुञ्जी**: *अनुगमन, शिक्षणभार, सुपरीवेक्षण, कार्यपरक व्यवहार, तत्परता*

## पृष्ठभूमि

शिक्षा शास्त्र सङ्काय अन्तर्गत ४ वर्षे बि.एड. को चौथो वर्ष र एम.एड. तहको चौथो सेमेष्टरमा शिक्षण अभ्यास/प्राक्टिकमको कार्य गरिँदै आएको छ । शिक्षण अभ्यासले विद्यार्थीलाई सैद्धान्तिक विषयको अध्यापन पश्चात् व्यवहारिक र प्रयोगात्मक रूपमा संलग्न हुन सहयोग गर्दछ । शिक्षण अभ्यास सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न विशिष्ट उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रविधि सहित विद्यार्थीको रुचि अनुसार शिक्षण सञ्चालन गर्ने एउटा व्यवहारिक वा पूर्व अभ्यास हो ।

विद्यार्थीले आर्जन गरेका ज्ञान र सिपलाई विभिन्न शिक्षण विधिको उपयोग गर्दै कक्षाकोठामा उपस्थित भई छात्र शिक्षकले सहपाठीहरूलाई शिक्षण गर्ने कार्य प्रभावकारी रूपमा गर्नपर्छ (थापा र सिलवाल, २०७६) ।

विषयवस्तुको शिक्षणमा विशिष्ट उदेश्य निर्धारण, शिक्षण योजनाको तयारी, प्रयोगात्मक मूल्याङ्कन गर्ने दक्षताको विकास आवश्यक हुन्छ । सहपाठी शिक्षण, विद्यालयको अभिलेख अध्ययन, अतिरिक्त क्रियाकलाप सञ्चालन प्रश्न निर्मण पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषण, सहपाठी कक्षा अवलोकन जस्ता विविध कार्य दक्षताको विकास अपरीहार्य हुन्छ (शिक्षण अभ्यास पाठ्यक्रम निर्देशिका, २०७५) ।

परम्परागत रुपमा शिक्षण भन्नाले गुरुले जाने वा अनुभव गरेको विषय विद्यार्थीलाई कक्षाकोठामा प्रस्तुत गर्ने भन्ने बुझिन्थ्यो । यसमा विद्यार्थीको आवश्यकता, रुचि र क्षमतालाई गौण मानिन्थ्यो । विद्यार्थीको सक्रियता, मूल्याङ्कन परिपाटी र सृजनशिलता गौण हुन्थ्यो भने शिक्षणको प्रक्रिया र सक्रियता प्रमुख मानिन्थ्यो तर आधुनिक शिक्षणमा यसको विपरीत विद्यार्थीको सक्रियता, शैक्षिक सामग्री, मूल्याङ्कन परिपाटी र सृजनशीलता प्रमुख हुन्छ भने शिक्षकको भूमिका गौण रहन्छ । अतः परम्परागत शिक्षण, ज्ञान र विषयवस्तुमा केन्द्रित हुन्थ्यो भने आधुनिक शिक्षण, ज्ञान, सीप, धारणा र उच्च दक्षतासँग सम्बन्धित हुन्छ । यसरी यस्तो शिक्षण पेसा अंगाल्नु पूर्व क्याम्पस र विद्यालयमा गरिने शिक्षण सिपको अभ्यास नै शिक्षण अभ्यास हो जसको प्रभावकारी प्रयोग, परिचालन र व्यवस्थापन आवश्यक मानिन्छ (थापा र सिलवाल, २०७६) ।

यसरी शिक्षण अभ्यासमा विभिन्न शैक्षणिक योजना निर्माण गर्ने र प्रयोग गर्ने अभ्यास गर्न जरुरी छ । एउटा असल शिक्षकमा हुनुपर्ने गुण र विशेषताको विकास गरी विभिन्न शैक्षिक समस्याको हल गर्ने क्षमता विकास गर्न आवश्यक छ । स्तरीय शिक्षकको अभाव खड्कीरहेको वर्तमान अवस्थामा विषगत रुपमा योग्य र दक्ष शिक्षक उत्पादन गरी शैक्षिक क्षति न्यून गर्न सघाउ पुऱ्याउन जरुरी भएको छ ।

## समस्याको कथन

छात्र शिक्षकले शिक्षण अभ्यासको कोर्ष तथा निर्देशिकाको मर्म र भावना अनुरूप आफूले सिकेका सैद्धान्तिक ज्ञानलाई वास्तविक

कक्षाकोठामा उतार्न आवश्यक छ । एउटा असल शिक्षकमा हुनुपर्ने गुण र दक्षताको विकास गरी उपलब्ध न्यून स्रोत र साधनको अधिकतम प्रयोग गर्न आवश्यक हुन्छ ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनमा निम्न उद्देश्य राखिएको छ :

(१) शिक्षण अभ्यासको वर्तमान अवस्थाको पहिचान गर्ने,

(२) शिक्षण अभ्यासमा देखिएका समस्याको विश्लेषण गर्ने,

(३) शिक्षण अभ्यासलाई प्रभावकारी व्यवस्थापन गर्ने उपाय सुझाउने ।

**अनुसन्धानात्मक प्रश्न**

यस अध्ययनमा निम्न अनुसन्धानात्मक प्रश्न राखिएको छ :

(१) शिक्षण अभ्यासको वर्तमान अवस्था कस्तो छ ?

(२) शिक्षण अभ्यासको सञ्चालनमा देखिएका समस्याहरू के के हुन् ?

(३) शिक्षण अभ्यासलाई प्रभावकारी बनाउने उपायहरू के के हुन सक्छन् ?

**अध्ययनको परिसीमा**

यस अध्ययन महेन्द्ररत्न क्याम्पस ताहाचल र ग्रामिण आदर्श बहुमुखी क्याम्पसमा सीमित गरिएको छ । उक्त २ ओटा क्याम्पसमा सञ्चालित शिक्षण अभ्यास कार्यक्रमको सूक्ष्म अध्ययन र अवलोकन गरी यो अध्ययन गरिएको छ । यसका लागि शिक्षण अभ्यासमा संलग्न २/२ जना शिक्षकसँग छलफल र प्रश्नोत्तर गरिएको छ । यस अध्ययनलाई गुणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

**सम्बन्धित साहित्यको पुनरावलोकन**

शिक्षण अभ्यास पाठ्यांश निर्देशिका (२०७५) उल्लेख गर्दछ - शिक्षण अभ्यास एक प्रयोगात्मक पाठ्यांश हो । यस पाठ्यांसले प्रत्येक छात्र शिक्षकलाई कक्षामा सिकेको शिक्षणसँग सम्बन्धित सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न मद्दत गर्दछ । वास्तवमा सफल शिक्षक बन्न र प्रभावकारी शिक्षण गर्न व्यक्तिमा आवश्यक पर्ने शैक्षिक योग्यताका अतिरिक्त यथार्थ शैक्षिक वातावरणको शिक्षण तालिम पनि अपरीहार्य मानिन्छ ।

शिक्षणप्रतिका धारणा बारे कर्माचार्य दिव्यमान भन्नुहुन्छ - कालान्तरमा समयको परिवर्तनसँगै शिक्षकप्रतिको धारणा र शिक्षकको कामको स्वरुपमा पनि परिवर्तन आउँदै गयो । आज शिक्षकलाई बौद्धिक, नैतिक र सामाजिक प्रतिरुपको रुपमा काम गर्ने जिम्मेवार व्यक्तिको रुपमा हेर्ने चलनमा परिवर्तन आइसकेको छ । भावी सन्ततिलाई राजनीतिक सामाजिकीकरण गर्ने मुख्य भूमिका शिक्षकको हुन्छ । यसरी शिक्षण एउटा कामको रुपमा, शिक्षण एउटा कलाको रुपमा, शिक्षण एउटा पेसाको रुपमा रहन्छ (कर्माचार्य, २०७०) ।

त्यस्तै गरी कर्माचार्य थप गर्नुहुन्छ - एउटा असल शिक्षक बन्नु छ भने शैक्षणिक उदेश्य, शैक्षिक सामग्री, शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रियाको राम्रो ज्ञान हुनु र त्यसको समूचित प्रयोग गर्न आवश्यक हुन्छ ।

शिक्षणका विभिन्न नमुना हुन्छन् । जस्तैः


– दार्शनिक शिक्षण नमुना

– मनोवैज्ञानिक शिक्षण नमुना

– आधुनिक शिक्षण नमुना

– व्यवहार परिमार्जनका नमुना


यस्ता नमुनाको छात्र शिक्षकले विशेष ख्याल गरी शिक्षण सिकाइमा सुधार गर्न सकिन्छ । भोलि गएर शिक्षण पेसामा प्रवेश गर्छु भन्नेले यस्ता शिक्षणका तरीका तथा नमुनाको जानकारी गर्न आवश्यक हुन्छ (श्रेष्ठ र बस्नेत, २०७५) ।




(श्रेष्ठ र बस्नेत, २०७५)

यसरी लघुशिक्षण गर्दा यस्तो चक्रको ख्याल गर्नंपर्दछ ।

F.W. Jakson का अनुसार शिक्षकले शिक्षण गर्दा अपनाउनुपर्ने चरणहरु -




(श्रेष्ठ र बस्नेत, २०७५)

यसरी शिक्षण सिकाइ गर्दा शिक्षकले यी ३ वटा चरणहरुको विशेष ख्याल गर्नंपर्दछ ।

थापा र सिलवाल (२०७६) उल्लेख गर्नंहुन्छ - शिक्षण भन्नाले सिकारुको व्यवहारमा परिवर्तन ल्याउने गरी ज्ञानको प्रवाह गर्नं भन्ने हुन्छ । त्यस्तै गरी अभ्यासको अर्थ नयाँ कुरा सिक्न वा उदेश्य प्राप्त गर्नका लागि निरन्तर लागिरहनु वा कामको पुनरावृत्ति गर्नं भन्ने हुन्छ । सिकारुको व्यवहारमा परिवर्तन नआएसम्म शिक्षणको कुनै अर्थ रहँदैन । अर्को अर्थमा शिक्षणले सैद्धान्तिक कुरालाई व्यवहारमा उतार्नं भन्ने हुन्छ ।

**सैद्धान्तिक ढाँचा**

प्रसिद्ध व्यवहारवादी मनोवैज्ञानिक वि.एफ. स्किनरको कार्यपरक सम्बन्ध सिकाइ सिद्धान्तलाई आधार मानिएको छ । यस सिद्धान्त अनुसार उत्तेजना पुनरावलोकन हुनुपर्छ र त्यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाउँदै सिकाइ प्राप्त गर्न यस सिद्धान्तको मुख्य उद्देश्य हो (श्रेष्ठ र अन्य, २०७२) ।

प्राणीका क्रियाकलापहरूलाई दुई किसिमले वर्णन गर्न सकिन्छ -

(१) कार्यपरक व्यवहार

(२) प्रतिक्रियात्मक व्यवहार

यसरी प्राणीको व्यवहार निर्माण, सिकाइमा सिक्री निर्माण विभेदीकरण गर्नं, सामान्यिकरण गर्ने जस्ता सिकाइका प्रक्रिया हुन्छन् । व्यक्तिको व्यक्तित्व र सिकारुको सिकाइमा अपेक्षित व्यवहार निर्माण गर्न सकिन्छ ।

त्यस्तै गरी ई.एल. थर्नडाइकको प्रयत्न र भूल सिकाइको सिद्धान्तलाई समेत आधार लिइएको छ । यस सिद्धान्त अनुसार -

— प्राणीको अध्ययनमा प्रयोगात्मक विधिको प्रयोग गरिएको छ ।

— व्यवहारलाई सहचार्य भनि व्याख्या गरिएको छ ।

यस प्रक्रियामा प्रेरक, क्रियाकलाप, गल्तीहरू घट्नु, एकीकृत बन्नु जस्ता प्रक्रियाले कार्य गर्छन् । यसमा निम्न तीन नियमहरू हुन्छन् -

(१) तत्परताको नियम

(२) अभ्यासको नियम

(३ प्रभावको नियम


यसका साथै व्यवस्थापनको सम्बन्धमा लुथरगुलिकको एइक्स्क्र्ययच्च्य को धारणालाई पनि हेरिएको छ ।

**अध्ययन विधि**

हरेक अनुसन्धान कार्यमा अध्ययनलाई प्रभावकारी बनाउन उपयुक्त अनुसन्धान विधि, ढाँचा, नमुना छनोट, तथ्याङ्क सङ्कलनका साधन र औजार एवं तथ्याङ्क सङ्कलन विधिलाई उपयुक्त ढङ्गले तयार गर्नंपर्छ । यो गुणात्मक अनुसन्धान भएकोले गहन अध्ययन र अवलो कनलाई आधार बनाइएको छ । यस क्रममा काठमाडौमा अवस्थित आंगिक क्याम्पसमा महेन्द्ररत्न क्याम्पस ताहाचल र सामुदायिक

क्याम्पसमा ग्रामिण आदर्श बहुमुखी क्याम्पसका २/२ जना शिक्षकलाई छनोट गरी प्रश्नोत्तर र छलफल गरिएको छ ।

**अध्ययनको अवधारणात्मक ढाँचा**




**नतिजा तथा छलफल**

यस अध्ययनमा महेन्द्ररत्न क्याम्पस र ग्रामिण आदर्श बहुमुखी क्याम्पसमा सञ्चालन भएको शिक्षण अभ्यासका बारेमा विश्लेषण गरि एको छ ।

***शिक्षण अभ्यासका वर्तमान व्यवस्था***

शिक्षण अभ्यासको लागि नयाँ कोर्षको व्यवस्था, विषयको रूपमा स्वीकार गरी पाठ्यभारमा गणना, शिक्षण अभ्यास पाठ्यांश निदे शिकाको व्यवस्था समेत गरिएको छ । मूल्याङ्कन फारमंको छुट्टाछुट्टै व्यवस्था गरिएको एउटा फारममा एक जनाको मात्र हस्ताक्षर (अन्तिममा बाहेक) गर्ने प्रावधान, :भतजयम या त्भबअजष्लन सँग सम्बन्धित विषय उत्तीर्ण गर्नं पर्ने वाध्यता हटाइएको छ । एउटा जिल्लाबाट अर्को जिल्लामा गई पढाउन सकिने बाटो खुला गरिएको छ जुन कुरा अगाडि सहज थिएन । वि.एड. तहमा आन्तरिक र वाह्य परीक्षकको पारिश्रमिकमा वृद्धि गरी रू. ७५।- बाट रू. १५०।- र एम.एड. मा रू. २००।- कायम गरिएको छ । जुन अपुग भएपनि पहिलेको अनुपातमा सतप्रतिशत बृद्धि गरिएको छ । डीन कार्यालयमा सेवा शुल्क बापत रू. १५०।- र परीक्षा शुल्क बापत रू. ५०।- पठाउनु पर्ने व्यवस्था गरिएको छ । विद्यार्थीको न्यूनतम शुल्क वि.एड. तहमा रू. १,०००।- र एम.एड. तहमा रू.२,०००।- निर्धारण गरि एकोमा क्याम्पस प्रशासनलाई उक्त रकम थपघट गर्न पाउने छुटको व्यवस्था गरिएको छ । जसबाट क्याम्पसले आफ्नो अवस्था अनुसार निर्णय गर्न सक्नेछ । आन्तरिक र बाह्य परीक्षकको पारिश्रमिक सम्बन्धित क्याम्पसबाटै भुक्तानी गर्नं पर्ने व्यवस्था गरिएको छ । वाह्य परीक्षकको माग गर्दा नयाँ ढाँचा व्यवस्था गरिएको छ । ४ बर्से वि. एड. को मेजर विषयमा मात्र शिक्षण गर्नंपर्ने व्यवस्था गरिएको छ । आन्तरिक र वाह्य परीक्षक हुन एम.एड. तह उत्तीर्ण हुनै पर्ने वाध्यात्मक अवस्था (सम्बन्धित क्याम्पसमा एम.एड. तह नभएमा मात्र एक वर्षे वि.एड. तहलाई मान्यता दिएको अवस्था छ जसले आन्तरिक सुपरिवेक्षक सम्बन्धी स्पष्ट व्यवस्था गरिएको मान्न सकिन्छ ।

शिक्षण अभ्यास विभाग/समितिको लागि सबै विषय समेटेर विभाग बनाउनु पर्ने वाध्यात्मक व्यवस्था गरिएको छ । क्याम्पसले अनुगमनको लागि प्रभावकारी संयन्त्र बनाउनु पर्ने जसमा शिक्षण अभ्यास समिति, सहायक क्याम्पस प्रमुख, क्याम्पस प्रमुख रहन सक्नेछ । नयाँ ढाँचामा शिक्षण अभ्यासको फारम निर्माण गरी शिक्षण अभ्यास विभागले शैक्षिक सत्रको सुरुमै कार्यक्रम सहित फारम भराउनु पर्ने व्यवस्था गरिएको छ । विद्यालयको विषय शिक्षक/प्र.अ/प्राचार्यले दिने अङ्क निर्धारण गरी र सो अनुरूपको फारम निर्माण गरिएको छ । शिक्षण अभ्यासको क्रममा गरिने सबै कार्यको समय निर्धारण, पूर्णाङ्क निर्धारण, उक्त कार्य गराउने आन्तरिक परीक्षकको निर्धारण तथा एउटा चरण पूरा गरी उतीर्ण नभएसम्म अर्को चरणमा जान नपाउने बाध्यात्मक व्यवस्था कायम गरिएको छ ।

विद्यालय/क्याम्पसको वास्तविक शिक्षणको अवधि कम गरिएकाले २ चरणमा समेत कार्यक्रम गर्न सकिने व्यवस्था गरिएको छ । छात्र शिक्षक र आन्तरिक सुपरिवेक्षक अनुपात सरदर १५:१ हुन पर्ने व्यवस्था गरिएको छ । वि.एड. तहको पाठ्यभार १५० लाई आधारमानी शैक्षणिक योजना, सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, प्रश्न निर्माण, सहपाठी कक्षा अवलोकन, पाठ्यक्रम पाठ्य पुस्तक विश्लेषण, प्रश्न र नतिजा विश्लेषण, विद्यालय अभिलेख, लगबुक, अतिरिक्त क्रियाकलाप, समग्र प्रतिवेदन जस्ता पूर्वाधार राखिएको छ । जसले प्रयोगात्मक पक्ष बलियो हुने निश्चित छ । एम.एड. तहको ४८ पाठ्यभारलाई आधार मानी शैक्षणिक योजना, सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, प्रश्न निर्माण, सहपाठी कक्षा अवलोकन, कार्यगत अनुसन्धान, क्याम्पस/ विद्यालय शिक्षण, समग्र प्रतिबेदन जस्ता पक्ष समेटिएको छ । शिक्षण अभ्यास शिक्षण सिकाइकै क्रममा सञ्चालन हुने भएकोले वर्ष क्षति हुने अवस्था हुँदैन ।

शिक्षण अभ्यासको कोर्ष तथा निर्देशिकालाई समसामयिक बनाउने प्रयास त भएकै छ तर पनि यसको व्यवस्थापन तथा कार्यान्वयन पक्ष प्रभावकारी हुने कुरामा आशंका छ । शिक्षणको लागि छुट्याइएको समय अझ कम नै छ । शिक्षकलाई व्यवस्था गरिएको पारिश्रमिक पनि न्यून नै छ । यसलाई समयसापेक्ष परिवर्तन गर्नंपर्नेछ ।

***शिक्षण अभ्यासमा देखिएका केही समस्याहरू***

विद्यार्थीहरू नियमित हुन नसक्ने अवस्था छ जसले शिक्षण अभ्यासमा प्रशस्त समस्या आएका छन् । थोरै विद्यार्थी हुँदा विषयअनुसार शिक्षण गर्न खर्चिलो हुने अवस्था छ । प्रशासन, लेखाशाखा, परीक्षा शाखा, शिक्षण विभाग र शिक्षक बिच प्रभावकारी समन्वय गर्नं पर्ने अवस्था भएपनि समन्वयको अभाव हुन सक्ने अवस्था छ । विद्यार्थीहरू बाहिर जिल्लामा जाँदा उठाउनुपर्ने शुल्क निर्धारण प्रक्रिया अस्पष्ट र अन्यौल हुन सक्ने अवस्था आउन सक्छ । एम.एड. गरेका विषयगत शिक्षक नहुँदा शिक्षण अभ्यास कार्यक्रम संचालन गर्न प्राविधिक र व्यवस्थापकीय समस्या हुन सक्छ । कतिपय क्याम्पसमा विषयगत एम.एड. गरेका शिक्षक नभएको अवस्था छ ।

विषय समिति तथा विभागले पाठयोजनाको स्पष्ट आधार तयार नगर्दा एकरूपता कायम हुन नसक्ने अवस्था छ । पाठयोजनाको सवालमा नमुना पाठयोजना बनेको अवस्था छैन । नयाँ कोर्ष, निर्देशिका र मूल्याङ्कन फारममा शिक्षकहरू अभ्यस्त हुन नसकेको अवस्था छ, जसले गर्दा अस्पष्टता र अन्यौलताको अनुभुति हुने देखिएको छ । अभिमुखीकरण प्रभावकारी रूपमा सञ्चालन गर्नंपर्छ । परपरागत

शिक्षण अभ्यासको प्रभावले नयाँ ढाँचाको कार्यक्रम कार्यान्ययनमा समस्या पर्ने सक्ने देखिएको छ । नानीदेखि लागेको बानी हत्तपत्त नछाड्ने प्रवृत्ति हुन सक्छ । जस्ले परिवर्तित अभ्यासलाइ सहजीकरण गर्ने र मर्म अनुसार कार्यन्वयन गर्ने कुरामा प्रशस्त आशंका गर्न सकिन्छ ।

विद्यार्थीलाई पायक पर्ने ठाउँको विद्यालयमा पठाउन सम्बन्धित संस्थाको विविध अवस्था र विद्यालयको उपलब्धताले समस्या पर्ने सक्ने देखिएको छ । यसबारे समयमा योजना बनाउनु पर्छ । वास्तविक शिक्षणको न्यूनतम अवधि किटान गरिए तापनि त्यसको अवधि कम भएको चर्चा हुने तथ्य सार्वजनिक छ । पहिलेको रा.वि.से. को ढाँचामा गर्नपर्ने चर्चा पनि छ । एउटै कार्यक्रमलाई २ चरणमा पूरा गर्न सकिने गरी परीक्षा अगाडि र पछाडिको व्यवस्था भएपनि परीक्षा सिम्बल नम्बर नआएको अवस्थामा परीक्षा अगाडि गर्दा अङ्क चढाउने कार्यमा समस्या देखिने अवस्था छ । समयमै आन्तरिक र वाह्य परीक्षकले शिक्षण अभ्यास वापत पाउने पारिश्रमिक वितरणमा ढिलाई हुने अवस्था छ । शिक्षण अभ्यासको कोर्ष र निर्देशिका कार्यान्वयनमा एकरूपताको अभाव देखिन्छ । समयमा अङ्क नपठाउने कार्यले गर्दा नतिजा प्रकाशनमा समस्या हुने गरेको अवस्था पनि नौलो होइन ।

यसरी शिक्षण अभ्यासको कोर्ष तथा निर्देशिकाका मर्म अनुसार शिक्षण अभ्यास कार्य सञ्चालनमा देखिएका यस्ता समस्यालाई सम्बो धन गर्नपर्छ । कतिपय क्याम्पसमा विषयगत रूपमा कम विद्यार्थी हुने, विषयगत शिक्षक नहुने, थोरै विद्यार्थीको लागि बाह्य परीक्षक ल्याउनु पर्दा आर्थिक भार पर्ने जस्ता समस्याहरू पनि प्रशस्त सुनिने गरेको छ ।

***शिक्षण अभ्यासमा देखिएका समस्या समाधानका केही उपायहरू***

कोर्ष, निर्देशिका र मूल्याङ्कन फारमको गहन अध्ययन गर्नं पर्ने अवस्था छ । क्याम्पसले शिक्षण अभ्यास कार्यक्रम प्रभावकारी बनाउन आवश्यकताअनुसार गोष्ठी तथा सेमिनार सञ्चालन गर्नं पर्ने अवस्था छ । क्याम्पस प्रशासन, लेखा शाखा, परीक्षा शाखा, शिक्षण विभाग, विषयगत विभाग र शिक्षकहरू बिच नियमित रूपमा पारस्परिक सम्बन्ध र समन्वय कायम हुनपर्ने बाध्यात्मक अवस्था छ । क्याम्पस प्रशासनले शिक्षण अभ्यास कार्यक्रमलाई विशेष महत्व दिनु पर्ने अवस्था छ ।

शिक्षाशास्त्र नपढेका क्याम्पस प्रमुखले यसलाई कम वास्ता गरेको पाइन्छ।शिक्षण अभ्यास विभाग हरेक दृष्टिले सम्पन्न, चुस्त, दुरुस्त, गतिशील र सक्षम हुनुपर्छ । मूल्याङ्कनका फारमहरू क्याम्पस आँफैले छाप्ने व्यवस्था गरी समयमै सम्बन्धित शिक्षकहरूलाई उपलब्ध गराउनु पर्ने र अभिमुखीकरण कार्यक्रम संचालन गर्नंपर्छ । छात्र शिक्षक पठाउने विद्यालयका प्रधानाध्यापकसँगको बैठक सञ्चालन प्रयोजनलाई नियमित बनाउनु पर्ने, उनीहरूलाई मसलन्दको रूपमा पठाउनु पर्ने रकम समयमा पठाउने गर्नंपर्छ । विषयगत विभाग, शिक्षण विभाग र क्याम्पस प्रशासनले शिक्षण अभ्यासको कार्य अनुगमन नियमित र निरन्तर रूपमा गर्नं पर्छ । अनुगमन समिति चुस्त र दुरुस्त बनाई प्रभावकारी निरीक्षण कार्य गर्नं आवश्यक छ ।

आन्तरिक तथा वाह्य परीक्षकको भूमिका प्रभावकारी रूपमा निर्वाह गर्ने र समयमा अङ्क पठाउने व्यवस्था गरिनु पर्छ । शिक्षण विभागले शै.स. को सुरुमा कार्यक्रमसहित शिक्षण अभ्यासको फारम भर्न लगाउने र समयमै सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, वास्तविक शिक्षण पूरा गरी वाह्य मूल्याङ्कन गरी अङ्क पठाउने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नंपर्छ । वाह्य परीक्षणको क्रममा सम्पूर्ण छात्र-शिक्षकहरूको शिक्षण सामग्री तथा समग्र प्रतिवेदनको बारेमा अन्तवार्ता समेत लिने व्यवस्था अनिवार्य रूपमा गर्नंपर्छ । यस कार्यको लागि उपयुक्त वातावरण बनाउनु पर्छ । छात्र शिक्षकहरूलाई परिचय पत्रको व्यवस्था गर्नंपर्छ ।

आन्तरिक सुपरीवेक्षक तथा छात्र शिक्षकलाई आवश्यक पर्ने पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री क्याम्पसबाट नै उपलब्ध गराउने व्यवस्था गराए शिक्षण प्रभावकारी हुन सक्छ । वि.एड. तहमा ८०% भन्दा बढी र ४०% भन्दा कम अङ्क र एम. एड. तहमा ८९ % भन्दा बढी र ५०% भन्दा कम अङ्क प्राप्त गर्ने छात्रशिक्षकको उत्कृष्टता र अनुत्कृष्टताको विवरण अन्तिम मूल्याङ्कनको समयमा उल्ले ख गर्नं पर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्छ । बाह्य परीक्षकले एक सिफ्टमा ८ जना सम्मको बाह्य परीक्षण गर्न सक्ने व्यवस्था गर्नं पर्छ । आवश्यकतानुसार शिक्षण अभ्यासको डायरी, प्रयोगात्मक पुस्तिका तयार गरी शिक्षण कार्यलाई सहज बनाउन सकिन्छ ।

वास्तविक शिक्षणको अवधि कम भएमा विद्यालय तहको वास्तविक शिक्षणको अवधि बढाउन सकिने र एम.एड तहमा ब्लक प्रणाली जस्तै गर्न सकिने कुरातर्फ ध्यान दिनुपर्ने बहस गर्नंपर्छ । अन्य विषयमा जस्तै पाठ्भारमा यो विषय समावेश गरिएकोले केन्द्रीय तहमा शिक्षण अभ्यास समिति बनाउने, उपत्यकाका तीनवटा आङ्गिक क्याम्पसका शिक्षण अभ्यास प्रमुखसहित अन्य विषयका शिक्षक समावेश गरी समितिको पूर्णता दिएर अन्य विषय समिति जस्तै बनाउन सकिन्छ । यस समितिले कोर्ष परिमार्जन, मूल्याङ्कन फारम परिमार्जन तथा शिक्षण अभ्यासलाई समसामयिक बनाउने कार्य गर्न सक्दछ ।

**प्राप्ति**

यस अध्यापनमा शिक्षण अभ्यासको व्यवस्थापकीय तथा कार्यान्वयनमा संलग्न शिक्षकहरुसँग अन्तरवार्ता र गहन छलफल गरी गुणात्मक ढङ्गले सूचना प्राप्त गरिएको छ । महेन्द्ररत्न क्याम्पसमा शिक्षण अभ्यासको विभाग बनेको छ, तर सबै विभागीय सदस्यहरुले सक्रिय रुपमा कार्य गर्ने नगरेको गुनासो सुनियो । सूक्ष्म शिक्षण तथा सहपाठी शिक्षणमा विभागका सदस्यहरु कम सक्रिय हुने, अनुगमन कार्यमा त्यति सक्रिय नभएको पाइयो । आन्तरिक र बाह्य सुपरीवेक्षण कार्यमा भने केही सक्रियता नै भएको पाइयो । कम्तिमा ३ पटक विद्यालयमा जाने प्रावधान भए पनि त्यस्तो नभएको पाइयो ।

ग्रामिण आदर्श बहुमुखी क्याम्पसमा भने शिक्षण अभ्यासको विभाग नै नभएको पाइयो । विभागीय जिम्मेवारी स्पष्ट नहुँदा अलमल्लमा परेको भान भयो । विषयगत शिक्षकहरु पहिलेदेखिकै अभ्यासको कारणले शिक्षण अभ्यासमा सक्रियता नै पाइयो । समयमा पारिश्रमिक नदिएको अवस्था भने दुबै कलेजको समानता नै देखियो । परिवर्तित कोर्ष अनुरुप सञ्चालित शिक्षण अभ्यासले छात्र शिक्षकमा क्षमता

बढेको र शिक्षक लाइसेन्स र जागीरमा निकै सहयोग पुगेको कुरा शिक्षणमा संलग्न शिक्षक तथा विद्यार्थीबाट जानकारी प्राप्त गरियो ।

ग्रामिण आदर्श बहुमुखी क्याम्पसका एक जना शिक्षण अभ्यासमा संलग्न शिक्षक भन्नुहुन्छ - "परिवर्तित कोर्षले छात्र शिक्षकको शैक्षणिक व्यवहारमा धेरै परिवर्तन गरेको छ । पहिले पहिले छात्र शिक्षक नपठाउनु भन्ने विद्यालयका प्रधानाध्यापकहरु पनि धेरै जना पठाउन र पटक पटक पठाउन भन्नु हुन्छ ।"

त्यस्तै महेन्द्ररत्न क्याम्पसका शिक्षण अभ्यासमा संलग्न शिक्षक भन्नुहुन्छ -"विद्यार्थीले धेरै रोजगार प्राप्त गर्न सफल भएका छन् । शिक्षक अध्यापन अनुमति पत्र लिन पनि निकै सहयोग पुगेको मेरो बुझाई छ ।

## निष्कर्ष

यसरी शिक्षण अभ्यासको कोर्ष निर्देशिका तथा मूल्याङ्कन फारमको गहन अध्ययन गरिएमा शिक्षण अभ्यास कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन सहज हुने निश्चित छ । शिक्षक सेवा आयोगले क्स्ऋत, क्स्त, न्प जस्ता विषयहरू समेटेकोले शिक्षण तथा शिक्षण अभ्यासमा समेत यस्ता क्षेत्रलाई सम्बोधन गर्न सकिन्छ । समग्रमा शिक्षा क्षेत्रमा विद्यार्थी सङ्ख्या र गुणस्तर समेत कमजोर भइरहे को जनगुनासोलाई सम्बोधन गर्नं हामी शिक्षाक्षेत्रमा रहेका सम्पूर्ण प्राध्यापकहरूको चुनौतिको विषय बनेको छ । शिक्षण अभ्यास कार्यलाई समसामयिक एवं सान्दर्भिक बनाउन आवश्यक छ । समय सापेक्ष शिक्षण अभ्यासको कोर्ष र मूल्याङ्कन फारम परिमार्जन गर्नंपर्छ । शिक्षण अभ्यासको क्रममा देखिएका समस्यालाई समाधान गरी समसामयिक र प्रभावकारी बनाउन सकिन्छ । शिक्षक तथा छात्र शिक्षकलाई समेत दण्ड र पुरस्कारको व्यवस्था गर्नंपर्छ । शिक्षक र विद्यार्थीको नियमितततालाई जोड दिनुपर्छ । समयमा शिक्षकको पारिश्रमिक भुक्तानी गर्नंपर्छ । समयमा डिन कार्यालयमा अंक पठाउन उत्प्रेरित गर्नंपर्छ । जिम्मेवारीको आधारमा शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नंपर्छ ।

## शैक्षिक उपादेयता

शिक्षण अभ्यास कार्य प्रभावकारी भएमा वास्तविक शिक्षण कार्य समेत प्रभावकारी बन्दछ । सूक्ष्म शिक्षण तथा सहपाठी शिक्षण प्रभावकारी सञ्चालन गर्नाले छात्र शिक्षकमा वास्तविक शिक्षण गर्ने कार्यमा सघाउ पुग्दछ । वास्तविक शिक्षणको अनुभवले विद्यालयसँग परिचित हुने र भोलिका दिनमा शिक्षण पेसा अपनाउने अवस्थामा दक्षता र क्षमताको विकास भई सिकाइमा निपूर्णताको विकास हुन्छ । यसरी शिक्षण अभ्यासको भावना र मर्म अनुसार शिक्षण अभ्यास गर्नं अत्यन्त आवश्यक छ । यसरी एउटा असल शिक्षकले शैक्षणिक योजना बनाउने देखि विद्यार्थी मूल्याङ्कन गर्ने कार्य समेत प्रभावकारी रुपमा सञ्चालन गर्न सक्दछ । छात्र शिक्षकले विभिन्न शैक्षणिक योजना बनाउने र प्रयोग गर्ने क्षमता विकास गर्नंपर्छ । विद्यार्थीमा नियमितता बढाउने, शिक्षक अध्यापन अनुमति पत्र लिन तथा जागीर मा स्थायी बन्न पनि प्रभावकारी शिक्षण अभ्यासले सघाउ पुग्दछ ।

## सन्दर्भसामग्री सुची

कर्माचार्य, दिव्यमान (२०७०), शिक्षक र शिक्षण, काठमाडौंः सोपान मासिक, डिल्लीबजार ।
अर्याल, प्रेमनारायण र ढकाल माधवप्रसाद (२०५५), अभ्यास शिक्षणः निर्देशन र प्रयोग, काठमाडौं शिक्षा क्याम्पस, रामशाहपथ, काठमाडौं ।
थापा, दिन बहादुर, सिलवाल, सुदर्शन (२०७६), शिक्षण अभ्यास सन्दर्भ पुस्तक, काठमाडौं : काष्ठमण्डप पुस्तक घर ।
लम्साल रामचन्द्र, गौतम वासुदेव र अधिकारी गणेशराज (२०६७), नेपाली भाषा शिक्षण, भुँडी पुराण प्रकाशन, बागबजार, काठमाडौं
शिक्षण अभ्यास पुस्तिका (२०७५), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।
शिक्षण अभ्यास निर्देशिका एवं प्रयोगात्मक पुस्तिका (२०४५), शैक्षिक जनशक्ति विकास केन्द्र ।
शिक्षण अभ्यास पाठ्यक्रम तथा शिक्षण अभ्यास पाठ्यांश निर्देशिका (२०७५) शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय
श्रेष्ठ चन्द्रबहादुर र अन्य (२०७८), शिक्षण अभ्यास पुस्तिका, सिद्धान्त र प्रयोग, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।
श्रेष्ठ, चन्द्रबहादुर र बस्नेत सम्झना (२०७५), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, काठमाडौंः भुँडिपुराण प्रकाशन ।
श्रेष्ठ र अन्य (२०७२), शैक्षिक मनोविज्ञान, काठमाडौंः भुँडिपुराण प्रकाशन ।
American Psychological Association (2009). *Publication manual of American Psychological Association (6th ed.).* Washington DC.
Baharain Teachers College (2008). *Teaching Practice: Student teacher handbook.* Baharain: Baharain University.
Cohen, L., Menion L., & Morrison, K. (2010). *Teaching Practice.* India: Routledge.
Faculty of Education (2014). *Teaching Practice handbook.* Hongkong: The University Hongkong
Richards, J.C. & Rodgers, T.S. (2010). *Approaches and methods in language teaching.* Cambridge: CUP.
School of Education (2013). *Teaching Practice handbook.* Cape Town: University Cape Town.